# राष्ट्रिय मानव अधिकार आयोग
## मधेश प्रदेश कार्यालय
जनकपुरधाम, धनुषा

प्रेस नोट

२०८२।२।१३

### आयोग स्थापना दिवसको अवसरमा निवन्ध लेखन प्रतियोगिता

राष्ट्रिय मानव अधिकार आयोगको २५औं स्थापना दिवस तथा गणतन्त्र दिवसको अवसरमा राष्ट्रिय मानव अधिकार आयोग, मधेश प्रदेश कार्यालय, जनकपुरले निवन्ध लेखन प्रतियोगिताको आयोजना गरी प्रतियोगितामा भागलिने वालवालिकाहरुलाई पुरस्कार र प्रमाण–पत्र प्रदान गरेको छ ।

जनकपुरधाम उपमहानगरपालिका भित्रका सामुदायिक र संस्थागत गरी १८ वटा विद्यालयका कक्षा १० का छात्र छात्राहरु प्रतियोगितामा सहभागी भएका थिए । **"बाल विवाहको कारण बाल अधिकार उपभोगमा देखिएका समस्या, चुनौती र समाधानका उपायहरु"** विषयक निवन्ध लेखनमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना गरी ४ जनालाई नगद र प्रमाणपत्र सहित पुरस्कृत गरिएको थियो ।

प्रतियोगितामा याज्ञवल्क्य संस्कृत मा.वि.का आयान कोइराला, श्री मा.वि. कुरमपुरका पुजा साह, सरस्वती मोडल मा.वि.की श्रृष्टी झा र शिव शारदा बोर्डिङ स्कुलका ओम गुप्ता क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कारबाट पुरष्कृत भएका थिए । अन्य सहभागीहरुलाई प्रमाणपत्र र स्टेसनरी सहित सम्मान गरिएको थियो । कार्यक्रमका अध्यक्षता गर्नुभएका कार्यालय प्रमुख बुद्धनारायण साहनीले सहभागी भएका विद्यार्थीहरुलाई बधाई तथा शुभकामना र सहयोग गर्ने विद्यालयहरुलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

उक्त कार्यक्रममा विभिन्न विद्यालयबाट शिक्षक, शिक्षिकाहरु, गै.स.स.का प्रतिनिधिहरु र विद्यार्थीहरुको सहभागीता रहेको थियो । मधेश प्रदेशको हकमा यस्ता कार्यक्रमहरुको औचित्यता रहेको हुँदा विद्यालयस्तरमा अभिभावकहरुसँग समेत अन्तरकृया गर्नुपर्ने, गाउँ गाउँमा गएर यस्ता कार्यक्रमहरु सन्चालन गर्नुपर्ने, मानब अधिकारको संरक्षण, सम्बर्धनको लागि आयोगले प्रभाबकारी भूमिका निर्वाह गर्न समेत आयोगलाई सुझाव प्राप्त भएको थियो ।

जीवन न्यौपाने

उपसचिव

फोन नं. ०४१–५९०३१३/१४/१५, पो. ब. नं. ५० वेभसाइट www.nhrcnepal.org इमेल–nhrcjnk@nhrcnepal.org